## प्रस्तावहरु:

१ योजना संसोधन सम्बन्धमा ।
२ सेवाकरार तथा अस्थायी कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
३ नगरसभा सम्बन्धमा ।
४ घर भाडामा लिने सम्बन्धमा ।
५ नदीजन्य पदार्थको रोयल्टि उठाउने सम्बन्धमा ।
६ झोलुङ्गे पुलको रकम भुक्तानी सम्बन्धमा ।
७ का. स. को सेवा करारमा लिने सम्बन्धमा ।
८ चालु आर्थिक बर्षका योजना संझौता सम्बन्धमा ।
९ जैघाँसको विउको समर्थन सम्बन्धमा ।
१० शिक्षा सम्बन्धमा ।
११ महिला तथा यूवा सोरोजगार अनुदान सम्बन्धमा
१२ नगर प्रमुख आकस्मिक कोषबाट रकम विनियोजन गर्ने सम्बन्धमा ।
१३ खोपकेन्द्र निर्माण सम्बन्धमा ।
१४ नगर प्रमुख खेलकुद प्रोत्साहन कार्यक्रम सम्बन्धमा ।
१५ सुचना प्रविधी अधिकृत को तलब सम्बन्धमा ।

## निर्णयहरु:

### निर्णय नम्वर १

प्रस्ताब नम्वर १ माथि छलफल गर्दा चालु आर्थिक बर्षको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका यस नगरपालिका स्थित देहायअनुसारका वडास्तरिय योजनाहरुलाई सम्बन्धित वडा समितिको निर्णय तथा वडा कार्यालयको अनुरोध पत्रको आधारमा र अन्य नगरस्तरिय योजना देहायअनुसार संसोधन गरी अनुमोदनको लागि आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

| स्वीकृत योजनाको क्रमसंख्या | साविक योजनाको नाम | संसोधित योजनाको नाम | रकम रु |
|---|---|---|---|
| ड ५३ वडायस्तरि | सोतिपसल प्रहरी चौकीमा कम्पाउण्ड निर्माण | ज्यामिरे खोला मोटर बाटो मर्मत | एकलाख |
| ड ५७ वढास्तरिय | वडा नं ३ मन्दिरहरु मर्मत | असिमुरे पौडेल डिही मोटर बाटो मर्मत | दुईलाख |
| ड ७१ वडास्तरिय | दलित वस्ति दुलेपानी पाईप खरिद | दलित वस्ति दुलेपानी खानेपानी योजना | एकलाख |
| ड १२८ वडास्तरिय | खर्क खानेपानी मर्मत वडा नं ५ | भवानी प्रा. वि. कम्पाउण्ड निर्माण | एकलाख |

| | | | |
|---|---|---|---|
| ग १३ नगरस्तरिय | क्याम्पसबाट पिपले चौतारा हुँदै स्यानी स्वारा मोटर बाटो वडा नं ६ | मिलन टोल – धारेढुंगा पैदलमार्ग निर्माण | तीनलाख |
| ग २२ नगरस्तरिय | भदौरेबाट वडा कार्यालय जाने शाखा मोटर बाटो निर्माण वडा नं ९ | भदौरे खोला – भद्रेगाउँ मोटरबाटो निर्माण | दशलाख |

**निर्णय नम्वर २**

प्रस्ताव नम्वर २ माथि छलफल गर्दा हाल यस नगरपालिकामा, नगरपालिकाका वडाहरुमा र स्वास्थ्य ईकाइहरुमा सेवा करार तथा अस्थायीरुपमा कार्यारत देहायअनुसारका कर्मचारीहरु दैनिक कामकाजकोलागि तत्काल अत्याबसेक भएको र निजहरुको म्याद २०७६ साल पौष मसान्तमा समाप्त भएकोले लोकसेवा आयोगबाट कर्मचारीहरु सिफारिस भइ आएपछि वा अन्य ब्यवस्था भएपछि स्वत:अबकाश हुनेगरि २०७६।१०।०१ गते देखि २०७७ साल असार मसान्तसम्मको म्याद थप गर्ने निर्णय गरियो ।

| सि नं | नाम थर | पद | नियुक्तिको प्रकार | कार्यरत स्थान |
|---|---|---|---|---|
| ०१ | उत्तम सुवेदी | ईन्जिनियर | सेवा कारार | नगरपालिका |
| ०२ | आकाश गुरुङ | सुचना प्रविधी अधिकृत | सेवा करार | नगरपालिका |
| ०३ | मेख बहादुर गुरुङ | सव ईन्जिनियर | सेवा कारार | नगरपालिका |
| ०४ | राजिव वाग्ले | असिस्टेण्ट सव ईन्जिनियर | सेवा कारार | नगरपालिका |
| ०५ | संजय पौडेल | कम्प्यूटर अपरेटर | सेवा कारर | नगरपालिका |
| ०५ | मणिराम पोखरेल | खा पा स टे | अस्थायी | नगरपालिका |
| ०६ | सुशिल शाही | हल्का सवारी चालक | सेवा कारार | नगरपालिका |
| ०७ | मनबहादुर नेपाली | हल्का सवारी चालक | सेवा करार | नगरपालिका |
| ०८ | समिक्षा गुरुङ | कार्यालय सहयोगी | सेवा कारार | नगरपालिका |
| ०९ | उदय गुरुङ | कार्यालय सहयोगी | सेवा कारार | नगरपालिका |
| १० | कुलबहादुर रानाभट | कार्यालय सहयोगी | सेवा कारार | नगरपालिका |
| ११ | पदमबहादुर रानाभाट | कार्यालय सहयोगी | सेवा कारार | नगरपालिका |
| १२ | चिजामायाँ खवास | कार्यालय सहयोगी | सेवा कारार | १ नं वडा कार्यालय |
| १३ | नारान बहादुर गुरुङ | कार्यालय सहयोगी | सेवा कारार | २ नं वडा कार्यालय |
| १४ | जुना थापा | कार्यालय सहयोगी | सेवा कारार | ३ नं वडा कार्यालय |
| १५ | बावुराम कुमाल | कार्यालय सहयोगी | सेवा कारार | ४ नं वडा कार्यालय |
| १६ | किशोर जोशी | कार्यालय सहयोगी | सेवा कारार | ५ नं वडा कार्यालय |
| १७ | मायाँदेवी नेपाली | कार्यालय सहयोगी | सेवा कारार | ६ नं वडा कार्यालय |
| १८ | बालकृष्ण श्रेष्ठ | कार्यालय सहयोगी | सेवा कारार | ७ नं वडा कार्यालय |
| १९ | कुलबहादुर गुरुङ | कार्यालय सहयोगी | सेवा कारार | ८ नं वडा कार्यालय |
| २० | चुडाबहादुर रानाभाट | कार्यालय सहयोगी | सेवा कारार | ९ नं वडा कार्यालय |
| २१ | दिपक घर्ति | कार्यालय सहयोगी | सेवा कारार | १० नं वडा कार्यालय |
| २२ | घनश्याम घिमिरे | अ हे व | सेवा कारार | स्वास्थ्य चौकी बांग्रे |
| २३ | अन्जना पुरी | अ हे व | सेवा करार | स्वास्थ्य चौकी जिता |
| २४ | प्रतिमा श्रेष्ठ | अ हे व | सेवा करार | स्वास्थ्य चौकी नेटा |

| | | | | |
|---|---|---|---|---|
| २५ | सविता घिमिरे | अ हे व | सेवा कारार | स्वास्थ्य चौकी करापु |
| २६ | मनिषा दुरा | ल्याव असिष्टेन्ट | सेवा कारार | स्वास्थ्य चौकी भोर्लेटार |
| २७ | तारा गुरुङ | ल्याव असिष्टेन्ट | सेवा करार | स्वास्थ्य चौकी चिशंखु |
| २८ | श्रृजना प्रधान | ल्याव असिष्टेन्ट | सेवा करार | स्वास्थ्य चौकी रम्घा |
| २९ | मेलिना कुमाल | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य चौकी रम्घा |
| ३० | देवकला श्रेष्ठ | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्यचौकी समिभन्ज्याङ |
| ३१ | विनोद ढकाल | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य चौकी बाँग्रे |
| ३२ | सरिता अछामी | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य चौकी नेटा |
| ३३ | गम बहादुर गुरुङ | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य चौकी करापु |
| ३४ | सुरेन्द्रराज पौडेल | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य शाखा न पा |
| ३५ | खेमबहादुर रानाभाट | कार्यालय सहयोगी | सेवा करार | शहरी स्वास्थ्य केन्द्र बाँग्रेबेशी |
| ३६ | तिलकराम क्षेत्री | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य चौकी सूर्यपाल |
| ३७ | चन्द्रावती न्यौपाने | कार्यालय सहयोगी | सेवा करार | आयूर्वेद औषधालय सोतिपसल |
| ३८ | दिपेन्द्र पौडेल | ना प स्वा प्रा | सेवा करार | न पा पशुसेवा शाखा |
| ३९ | दिपक रेग्मी | ना प स्वा प्रा | सेवा करार | पशुसेवा केन्द्र सोतिपसल |
| ४० | अमृत अधिकारी | ना प से प्रा | सेवा करार | वडा नं ७ |
| ४१ | वसन्ता पौडेल | ना प्रा स | सेवा करार | न पा कृषिसेवा शाखा |

**<u>निर्णय नम्वर ३</u>**

प्रस्ताव नम्वर ३ माथि छलफल गर्दा यस नगरपालिकाको सातौं नगरसभा मिति २०७६ साल फागुन महिनाको दोश्रो साता भित्र बस्ने निर्णय गरियो ।

**<u>निर्णय नम्वर ४</u>**

प्रस्ताव नम्वर ४ माथि छलफल गर्दा लोकसेवा आयोगवाट कर्मचारी सिफारिस भई आउने क्रम जारी रहेको र कार्यालय संचालनको लागी हाल भैरहेका भाडाका भवनमा रहेका कोठाहरु अपुग भएकाले कार्यालय संचालनको लागि आवश्यक प्रकृया पुरा गरि थप एउटा भवन भाडामा लिने र उक्त भवनमा देहायअनुसारका शाखाहरु स्थानान्तरण गर्ने निर्णय गरियो ।

१ प्राविधिक शाखा

२ प्रधानमन्त्री रोजगार संयोजक शाखा

३ आवश्यकता अनुसार अन्य शाखा

**<u>निर्णय नम्वर ५</u>**

प्रस्ताव नम्वर ५ माथि छलफल गर्दा निर्माणाधिन पुष्पलाल मध्यपहाडी लोकमार्गका निर्माण ब्यबसायिलाई सो लोकमार्ग निर्माण प्रयोजनको लागि नगर कार्यपालिकाको मिति २०७६।०८।२५ को निर्णय अनुसार उपलब्ध गराईने नदिजन्य पदार्थको परिमाणको हिसाव राख्ने र सो बापत नगरपालिकाले प्राप्त गर्ने रोयल्टि संकलन गर्ने कार्य गर्न उक्त कार्य सम्मन्न नहुदासम्मको लागि मध्यनेपाल नगरपालिका वडा नं ९ स्थायी ठेगाना भएका विनोद गुरुङको सेवा (निजलाई काम लगाईएको मिति २०७६।१०।१०

देखिनै लागू हुनेगरि) करारमा लिने र निजलाई सोही रोयल्टी रकमबाट प्रति महिना यस कार्यालयका कार्यालय सहयोगीहरुलाई उपलबध गराईए सरहो पारिश्रमिक  तथा विहानैदेखि काममा खटिनुपर्ने भएकोले विहानको खाना खर्च वापत थप मासिक तीनहजार रुपैया  उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नम्वर ६</u>**

प्रस्ताव नम्वर ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ८ र १० मा पर्ने मिदिम खोलाको झोलुङ्गे पुलको निर्माणकार्य सम्मन्न भई उक्त कार्यको लागि उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्ने  सशर्त अनुदान तर्फको रकम भुक्तानी भैसकेको र नगरपालिकाको म्याचिङ फण्ड वापतको रकम रु ४,३७,३३७।– भुक्तानी गर्न बाकी रहेको तथा चालु आ. ब. को स्वीकृत बजेट तथा कार्यक्रममा म्याचिङ फण्ड शिर्षकमा कुनैपनि रकम विनियोजन नभएकेले उक्त रकम   नगर प्रमुख आकस्मिक कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**<u>निर्णय नम्वर ७</u>**

प्रस्ताव नम्वर ७ माथि छलफल गर्दा  कार्यालयमा कर्मचारीको संख्या थप भई कार्यालय भवन समेत थप गर्नुपर्ने भएको र भाडाको कार्यालय एउटै भवनमा नभई विभिन्न भवनमा छरिएर रहेको कारण कार्यालय सहयोगिको संख्या कम भई थप एक कार्यालय सहयोगिको सेवा करारमा लिन अत्यावश्यक भएकोहुदा यस नगरपालिका स्थित वडा नं.७ निवासी सुनिता गुरुङलाई तत्काल कामकाज लगाईएकोले  निजलाई कामकाज लगाईएको मिति देखिनै तलब सुविधा उपलब्ध गराउनेगरी निजको सेवा काररमा लिने र उक्त रकम नगर प्रमुख आकस्किक कोक्षबाट भुक्तानी  गर्ने निर्णय गरियो ।

**<u>निर्णय नम्वर ८</u>**

प्रस्ताव नम्वर ८ माथि छलफल गर्दा चालु आर्थिक बर्षकोलागि नगरसभाबाट स्वीकृत तथा विभिन्न मितिमा बसेको कार्यपालिका बैठको निर्णयअनुसारका योजनाहरुमध्ये संझौता हुन बाँकीरहेका योजनाहरु २०७६ सालको चैत्र मसान्त भित्र संझौता गरिसक्ने र तत्काल उत्पन्न परिस्थितिको कारणले अपर्झटरुपमा गर्नुपर्ने कार्य बाहेक अन्य सबै योजनाहरुको मिति २०७७ साल बैशाक १ गतेबाट संझौतागर्ने कार्यलाई बन्दगर्ने निर्णय गरियो ।

**<u>निर्णय नम्वर ९</u>**

प्रस्ताव नम्वर ९ माथि छलफल गर्दा यस नगरपालिकाभीत्र दूध उत्पादन कार्यक्रमलाई प्रोत्साहन गर्न किसानको मागअनुसार तत्काल जैघाँसको विउ वितरण गर्नुपर्ने भएको र सोकोलागि सशर्त अनुदान तथा नगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन नभएको हुदा नगरप्रमुखको मिति २०७६।०७।१८ को आदेशअनुसार जैघासको विउ खरिद  गरि वितरण गरिएकोमा सो कार्य गर्दा खर्चभएको  पैसट्ठीहजार  रुपैयालाई समर्थन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नम्वर १०</u>**

प्रस्ताव नम्वर १० माथि छलफल गर्दा शिक्षातर्फ देहायअनुसार गर्ने निर्णय गरियो ।

१.   आ.ब. २०७६/७७ मा सशर्त अनुदान अन्तरगत प्राप्त देहायका कार्यक्रमहरु देहायका विद्यालयहरुलाई वितरण गर्ने ।

| (क) माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान-३ वटा विद्यालय | | | | | |
|---|---|---|---|---|---|
| १ | कुसुमाकरमाध्यामिक विद्यालय | २ | भैरवकालीमाध्यामिक विद्यालय | ३ | सूर्यज्योतिमाध्यामिक विद्यालय |

<table>
<tr><td colspan="6">(ख) गणित,विज्ञान तथा अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री अनुदान-३वटा विद्यालय</td></tr>
<tr><td>१</td><td>भैरवकालीमाध्यामिक विद्यालय</td><td>२</td><td>रामवालोदयआधारभूत विद्यालय</td><td>३</td><td>इशानेश्वरमाध्यामिक विद्यालय</td></tr>
<tr><td colspan="6">(ग) उच्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण अनुदान –२ वटा विद्यालय</td></tr>
<tr><td>१</td><td>कुसुमाकरमाध्यामिक विद्यालय</td><td>२</td><td>जनमन्दिर माध्यामिक विद्यालय</td><td></td><td></td></tr>
<tr><td colspan="6">(घ) विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान -१ वटा विद्यालय</td></tr>
<tr><td>१</td><td>सप्तधारा माध्यामिक विद्यालय</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="6">(ङ) शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधी सुधार योजना कार्यान्वयन अनुदान सवै विद्यालयहरुलाई प्रति विद्यालय दुई हजारको दरले उपलब्ध गराउने ।</td></tr>
<tr><td colspan="6">(च) पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय-२ वटा विद्यालय</td></tr>
<tr><td>१</td><td>गणेशमालिकामाध्यामिकविद्यालय</td><td>२</td><td>बालज्योतिमाध्यामिक विद्यालय</td><td></td><td></td></tr>
<tr><td colspan="6">(छ) सामुदायिक विद्यालयमा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग ( कम्प्यूटर,इन्टरनेट,कनेक्टिभिटी इक्यूपमेन्टस तथा सामग्री खरिद) का लागि अनुदान-४ वटा विद्यालय</td></tr>
<tr><td>१</td><td>मंगला माध्यामिक विद्यालय</td><td>२</td><td>वालविकासमाध्यामिक विद्यालय</td><td>३</td><td>डडुवादुर्छामाध्यामिक विद्यालय</td></tr>
<tr><td>४</td><td>संझना माध्यामिक विद्यालय</td><td></td><td></td><td></td><td></td></tr>
</table>

२. श्री इशानेश्वर माध्यमिक विद्यालयमा नेपाली विषयको निमावि राहत कोटा रिक्त भएको र उक्त रिक्त कोटामा वेसीशहर नगरपालिकास्थित श्री अन्नपूर्ण माध्यमिक विद्यालयमा कार्यरत अंग्रेजी विषयकाराहत शिक्षक श्री बासुदेव गुरुङले सरुवा भइ आउनको लागि सम्बन्धित विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपिहरु तथा वेसीशहर नगरपालिकाको सहमति पत्र प्राप्त भएकोले निजलाई श्री इशानेश्वर माध्यमिक विद्यालयमा रिक्त निमावि राहत कोटामा सरुवा गर्ने ।

<u>**निर्णय नम्वर ११**</u>

प्रस्ताव नम्वर ११ माथि छलफल गर्दा चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा समाबेश भएका नपगर प्रमुख यूवा सोरोजगार अनुदान कार्यक्रम र नगर प्रमुख महिला सोरोजगार अनुदान कार्यक्रम अन्तर्गत विनियोजित अनुदान रकम वितरणको लागि पन्ध्रदिनको सपय दिएर प्रस्ताव बह्वान गर्ने र प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरी अनुदानकोलागि कार्यपालिका समक्ष सिफारिस गर्ने कार्य यस नगरपालिकाको “यूवा एबं महिला, कृषि तथा पशुपालन लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधी २०७५” मा रहेको छनोट तथा सिफारिस समितिले गर्ने निर्णय गरियो ।

<u>**निर्णय नम्वर १२**</u>

प्रस्ताव नम्वर १२ माथि छलफल गर्दा चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको नगर प्रमुख आकस्मिक कोषबाट देहाय अनुसारका कार्यक्रकोलागि देहायअनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) शीवरात्री मेला तथा खेलकुद ब्यबस्थापन वडा नं ७ को लागि – दुईलाख रुपैया
ख) साईराम मन्दिर निर्माण वडा नं ४ को लागि– दूईलाख रुपैया
ग) गणेश मालिका माध्यामिक विद्यालय, वडा नं १० मा होस्टल ब्यबस्थापनको लागि – एकलाख रुपैया
घ) वडा नं ८ को भुमी आमा समुह भवनको टिन सरिदको लागि - दुईलाख रुपैंया

**निर्णय नम्वर १३**

प्रस्ताव नम्वर १३ माथि छलफल गर्दा चालु आर्थिक बर्षको केन्द्रिय सशर्त अनुदानमा प्राप्त रकमबाट निर्माण गर्नुपर्ने दुईवटा खोप केन्द्रहरु वडा नं ९ को रातमाटा र वडा नं २ को सोतीपसल मा निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

प्रस्ता नं १४ माथी छलफल गर्दा चालु आ ब को स्वीकृत बजेट तथा कार्यक्रमको नगरस्तरिय योजनामा रहेको नगर प्रमुख खेलकुद प्रोत्साहन कार्यक्रम अन्तर्गत विनियोजित रकम राष्ट्रिय तथा जिल्ला स्तरिय खेलकुदलाई प्रोत्साहन गर्नको लागि तथा राष्ट्रपति कप खेलकुद समेतको लागि नगर प्रमुखको सिफारिस अनुसार खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

प्रस्ताब नम्वर १५ माथी छलफल गर्दा यस कार्यालयमा कार्यरत सुचना प्रविधी अधिकृत आकाश गुरुङको नगरपालिकाले उपलब्ध गराउनुपर्ने पच्चिस प्रतिशत तलब भत्ताको रकम स्वीकृत वार्षिक बजेटको मिल्दो शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।